का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ पुस २०७९,
मंगलबार
27 December 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक ३११ । पृष्ठ १६
Madhyanha National Daily
www.madhyanhadaily.com



प्रचण्ड क्याबिनेट

# पहिलो निर्णयमा सुशासन

"हाम्रो अगाडि थुप्रै जटिलता र चुनौतीहरु छन् । तर जनतामा आशा र भरोसा बढेको देखिएको छ । केही नयाँ गरिछाड्नेहरुको संकल्प भएकाहरुको केन्द्रीकरण भएको छ । त्यसकारण मलाई सहज लागेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले ८ सदस्यीय मन्त्रिपरिषद् गठन गरेकी छिन् । सोमबार राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति भण्डारीले प्रधानमन्त्री प्रचण्ड, तीन जना उपप्रधानमन्त्री र चार जना मन्त्रीलाई शपथ ग्रहण गराइन् ।

नेकपा एमालेबाट विष्णु पौडेल, नेकपा माओवादी केन्द्रबाट नारायणकाजी श्रेष्ठ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने उपप्रधामन्त्री बनेका छन् । एमाले उपाध्यक्षसमेत रहेका पौडेललाई अर्थमन्त्रालय र माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष रहेका श्रेष्ठलाई भौतिक पूर्वाधार र लामिछानेलाई गृहमन्त्रालयको जिम्मेवारी दिइएको छ । मन्त्री बन्नेहरूमा एमालेबाट दामोदर भण्डारी, ज्वालाकुमारी साह र राजेन्द्र राई रहेका छन् । जनमत पार्टीका उपाध्यक्षसमेत रहेका अब्दुल खानले पनि मन्त्रीको शपथ लिएका छन् । नवनियुक्त मन्त्रीहरूको कार्यभार पछि तोकिने बताइएको छ । प्रधानमन्त्री र मन्त्रीहरु सबैले पदभार ग्रहण गरेका छन् । प्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्री कार्यालयको रणनीतिक सुधारका लागि अध्ययन गर्ने निर्णयमा हस्ताक्षर गरे । पदभार ग्रहणपछि मन्त्रिपरिषद्को पहिलो बैठक राखे ।

## पासपोर्ट र लाइसेन्स लिने लाइन हटाउने

मन्त्रिपरिषदको पहिलो बैठकले पासपोर्ट र लाइसेन्स लिन लाइन लाग्न नपर्ने व्यवस्था गर्ने निर्णय गरेको छ । सोमबार पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको मन्त्रिपरिषदको पहिलो बैठकले राहदानी, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) आदि वितरण हुने कार्यालयको सेवामा सुधार गर्ने निर्णय गरेको हो । राहदानी बनाउन लामो लाइन बस्नुपर्ने हालको अवस्था अन्त्य गर्न र नागरिकलाई सास्ती नहुने गरी काम गर्न निर्देशन दिने निर्णय भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतले बताएको छ । लाइसेन्स दिने कार्यालयमा पनि भीड हुने अवस्थाको अन्त्य गर्ने निर्णय भएको छ ।

मन्त्रिपरिषदको बैठकपछि पत्रकारहरुसँग कुरा गर्दै चुनावबाट जनताले जस्तो निर्णय दिए, त्यसलाई मन्त्रिपरिषद्ले समेटेको बताए । उनले पत्रकारहरुसँग भने, 'हाम्रो अगाडि थुप्रै जटिलता र चुनौतीहरु छन् । तर जनतामा आशा र भरोसा बढेको देखिएको छ । केही नयाँ गरिछाड्नेहरुको संकल्प भएकाहरुको केन्द्रिकरण भएको छ । त्यसकारण मलाई सहज लागेको छ ।' अर्थतन्त्रमा देखिएको जटिलतालाई सुधार गर्ने, सुशासन र जनताको सेवा प्रवाहमा केन्द्रित हुनेबारे पहिलो बैठकमै छलफल भएको उनले जानकारी दिए ।

# अर्थतन्त्र ट्र्याकमा ल्याउने चुनौती !



नवनियुक्त उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पदभार ग्रहण गरेका छन् ।

पदभार ग्रहणपछि पौडेलले सञ्चारकर्मीहरूसँग प्रतिक्रिया दिँदै उनले संकटको डिलमा रहेको अर्थतन्त्रलाई सुरक्षित ठाउँमा फर्काउन र व्यवस्थित गर्नका लागि आफूले काम गर्ने बताए ।

'अर्थतन्त्रका अहिलेका चुनौतीहरू के हुन् ? ती चुनौती सिर्जना हुनको कारण के हो ? त्यसका राष्ट्रिय र अन्तर्राष्ट्रिय कारण के हुन् ? र तिनको समाधानका लागि के कदम चाल्नुपर्छ ? भन्ने विषयमा सबै क्षेत्रका विज्ञसँग सघन छलफल गर्नेछौं', उनले भने, 'अर्थतन्त्रका समस्या पहिचान गर्ने र त्यसको समाधान गर्ने आत्मविश्वासका साथ यो जिम्मेवारीमा आएको छु ।' अर्थात, अर्थतन्त्र ट्र्याकमा ल्याउने चुनौतीलाई उनले महसुस गरेका छन् ।

अर्थतन्त्रलाई लयमा फर्काउन विगतका अनुभवबाट पाठ लिने तथा अर्थतन्त्रसँग जोडिएका सबै

– बाँकी पृष्ठ २ मा

# ६ महिनामै गृहमन्त्री

"निर्मला पन्तलाई न्याय दिन पहल गर्नमा तदारुकता देखाउने विषयमा निर्णयका लागि फाइल तयार गर्नुहोला । त्यसमा अहिलेसम्म के भएको छ त्यो पनि जानकारी गराउनु होला ।"



पत्रकारिता छोडेर राजनीतिमा आएको ६ महिनामै ४८ वर्षीय रवि लामिछाने गृहमन्त्री भएका छन् । उनले गत आम चुनाव अगाडि ७ असार २०७९ मा राष्ट्रिय सभागृहबाट पार्टी घोषणा गरेका थिए । छोटो अवधिमै चुनावमा होमिएको रास्वपा २० सिटसहित संघीय संसदमा चौथो ठूलो दलका रुपमा उदय भयो । प्रचण्डको क्याबिनेटमा उनी उपप्रधानसहित गृहमन्त्री बने ।

उपप्रधान तथा गृहमन्त्री लामिछानेले सोमबारै शपथग्रहणपछि सिंहदरबार पुगेर पदभार ग्रहण गरे । पदभार ग्रहण गर्दै नवनियुक्त उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले बलात्कार पछि हत्या गरिएको निर्मला पन्तलाई न्याय दिन पहल गर्ने बताएका छन् । पदभार ग्रहणमा उनले पन्तलाई न्याय दिने पहलसम्बन्धी विषयमा पहिलो फाइल तयार गर्न गृहसचिव विनोद सिंहलाई निर्देशन दिए ।

उनले भनेका छन्, 'निर्मला पन्तलाई न्याय दिन पहल गर्नमा तदारुकता देखाउने विषयमा निर्णयका लागि फाइल तयार गर्नुहोला । त्यसमा अहिलेसम्म के भएको छ त्यो पनि जानकारी गराउनु होला ।'

साथसाथै, नवनियुक्त उपप्रधान तथा गृहमन्त्री लामिछानेले आफ्नो नागरिकताको विषयमा भइरहेको छानबिन स्वतन्त्र ढंगले

– बाँकी पृष्ठ २ मा

## राप्रपा र नाउपा सरकारमा नजाने

# जसपाको नीति पर्ख र हेर !

राप्रपा र नाउपाले सरकारलाई समर्थन गरेर पनि सरकारमा नजाने नीति लिएको छ । तर, जसपा भने के गर्ने निर्णयमा पुगेको छैन् । नेताहरुका अनुसार जसपा "पर्ख र हेर"को नीतिमा छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ पुस ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा) सरकारमा नजाने भएको छ । १४ सांसद रहेको राप्रपा र ४ सांसद रहेको नाउपाले सरकारलाई बाहिरबाट समर्थन गर्ने, तर सत्तामा नजाने बताएका छन् । दुवै दललाई समेत जोडेर प्रचण्डले १६९ सांसदको समर्थन रहेको भनि राष्ट्रपति कार्यालयमा दाबी पेश गरेका थिए ।

राप्रपा र नाउपाले सरकारलाई समर्थन गरेर पनि सरकारमा नजाने नीति लिइरहँदा जसपा के गर्ने भन्ने निर्णयमा पुगेको छैन् । नेताहरुका अनुसार जसपा 'पर्ख र हेर'को नीतिमा छ । सरकारमा जाने दलहरुले आफ्ना मन्त्री पनि पठाइसके । तार, जसपा भने समर्थन दिइसकेर

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# संघको निर्वाचनमा पनि नयाँ गठबन्धनको प्रभाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ पुस

राष्ट्रिय राजनीतिमा देखिएको नाटकीय परिवर्तनसँगै नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनमा पुरानो समीकरण बदलिएको छ । सोमबार बिहानसम्म नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको पक्षमा देखिएको गठबन्धनको समीकरण राष्ट्रिय राजनीतिमा भएको पटाक्षेपसँगै परिवर्तन भएको छ ।

संघको निर्वाचन सहमतिको आधारमा गर्ने पुरानो निर्णय खारेज भएपछि निर्वाचनमा सत्तारुढ दल निकट व्यवसायी तत्कालीन सत्तारुढ दल नेपाली कांग्रेसको शुभेच्छुक एशोसिएसनको नेतृत्वमा गोलबन्द भएका थिए ।

सरकारमा भएको परिवर्तनपछि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संघको निर्वाचनका लागि नयाँ समीकरण बनाउने गृहकार्य शुरु गरेको बताएको छ । संघको २९ औं साधारण सभा र निर्वाचन आगामी माघ ६ गते शुक्रबारका लागि तोकिएको छ ।

संघको निर्वाचनमा नेपाली कांग्रेस निकट लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन, एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्च, नेकपा एकीकृत समाजवादी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, संघीय समाजवादी पार्टी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघ र स्वतन्त्ररुपमा महिला वैदेशिक रोजगार व्यवसायी संघ क्रियाशील रहेका छन् ।

केन्द्रीय राजनीतिमा उदाएका राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातान्त्र पार्टीमा आस्था राख्ने व्यवसायीहरु दलीय परिचयसहित

– बाँकी पृष्ठ २ मा

## ७ महिनामा महत्वपूर्ण सुधार निवर्तमान श्रममन्त्री कुँवर

**काठमाडौं/रासस–** निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले आफूले छोटो समयमा श्रमजीवी वर्गका पक्षमा काम गरेको दाबी गरेका छन् । मन्त्रालयमा सोमबार आयोजित बिदाइ कार्यक्रममा उनले सम्पूर्ण कर्मचारी वर्गलाई एक बनाएर आफूले छोटो अवधिमा परिणामुखी काम गर्न सफल भएको दाबी गरे ।

– बाँकी पृष्ठ २ मा


सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि

तालिम खुल्यो

कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन

विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था

माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

UAE को 4 STAR HOTEL मा रोजगारको अवसर

FLORA

कम्पनी: FLORA ALBARSHA HOTEL शहर: DUBAI, UAE

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६५७ LT. No.: 263362

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masseur/Spa Therapist | 5 | 10 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 10 | 0 | | 1200 | ४३,२२४ | | | | | | | |
| 3. | Waitress | 0 | 5 | | 1200 | ४३,२२४ | | | | | | | |
| 4. | Bell Man | 5 | 0 | | 1000 | ३६,०२० | | | | | | | |
| 5. | Guest Service Agent (Receptionist) | 10 | 5 | | 1400 | ५०,४२८ | | | | | | | |
| 6. | Steward/Kitchen Helper | 10 | 0 | | 1000 | ३६,०२० | | | | | | | |
| 7. | Man/Chambermaid/Housekeeping Attendant | 10 | 0 | | 1200 | ४३,२२४ | | | | | | | |
| 8. | commis iii/general cook | 10 | 0 | | 1200 | ४३,२२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १९ गते (3 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu
Tel: 4110567, 9801320043, 9851188404, 9851126004
9868095048, 9745711824, 9749897692,
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com

# सीमा क्षेत्रमा स्वास्थ्य सतर्कता अपनाउन आग्रह

**बैतडी/मस–** भारतसँग सीमा जोडिएको बैतडी जिल्लामा कोरोना भाइरसको सङ्क्रमण फैलिनसक्ने भन्दै स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन आग्रह गरिएको छ। छिमेकी देशमा सङ्क्रमण बढ्दै गएकाले सीमा जोडिएको जिल्ला भएकाले सतर्कता अपनाउन आग्रह गरिएको हो । जिल्ला प्रशासन कार्यालय बैतडीले एक सूचना जारी गर्दै छिमेकी देशमा कोरोनाको नयाँ भेरियन्ट देखिएकाले नेपालमा पनि यसको जोखिम रहेकाले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन आग्रह गरेको छ। जोखिम बढेकाले स्वास्थ्य सुरक्षा मापदण्ड पूर्णरुपमा पालना गर्न आग्रह गरिएको बैतडीका प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले बताउनुभयो । भीडभाड हुने स्थलमा सकभर नजान र जानै परे मास्क, स्यानिटाइजरको प्रयोग गर्नुपर्नेमा प्रशासनले जोड दिएको छ।



सार्वजनिक यातायातमा यात्रा गर्दा मास्क, स्यानिटाइजरको प्रयोग गर्न र भौतिक दूरी कायम राख्न आग्रह गरिएको छ। कोभिड-१९ विरुद्ध खोपको बुस्टर मात्रा लगाउन छुट भएकाले नजिकका स्वास्थ्य संस्थामा गएर खोप लगाउन आग्रह गरिएको छ । जोखिम बढ्दै गएकाले सीमाक्षेत्रमा सतर्कता अपनाइएको स्वास्थ्य कार्यालय बैतडीका प्रमुख योगेशप्रसाद भट्टले जानकारी दिए । भारतसँग सीमा जोडिएको झुलाघाट नाकामा यसअघि नै हेल्थ डेस्क स्थापना गरेर कोरोनाको खोप कार्ड जाँच गरी मात्र वारपार गर्न दिइएको छ । बैतडीसहित सुदूरपश्चिम प्रदेशमा हालसम्म छ लाख १८ हजार सात सय १४ जनाको कोरोना परीक्षण गरिएकामा ६१ हजार आठ सय ७२ जनामा सङ्क्रमण भइसकेको छ। सङ्क्रमणकै कारण यस प्रदेशमा छ सय ३५ जनाको ज्यान गइसकेको छ।

# राखेपविरुद्धको रिटमा लिखित जवाफ माग

**काठमाडौं/मस–** नेपाल तेक्वान्दो सङ्घले राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा दर्ता खारेजीविरुद्ध दिएको रिट निवेदनमा उच्च अदालत पाटनले कारणसहित लिखित जवाफ माग गरेको छ । न्यायाधीश राज्यलक्ष्मी बज्राचार्यको इजलासले सोमबार कारण देखाउ आदेश जारी गर्दै लिखित जवाफ माग गरेको हो । तेक्वान्दो सङ्घका अध्यक्ष प्रकाशशमशेर राणाले युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्सहित पाँच संस्थालाई विपक्षी बनाएर शुक्रबार रिट निवेदन दायर गरेका थिए । अदालतले लिखित जवाफका साथै दुवै पक्षलाई छलफलमा बोलाएको छ ।

राखेपले विवादित भनिएका नेपाल तेक्वान्दो सङ्घ र राष्ट्रिय तेक्वान्दो सङ्घको दर्ता खारेज गरी नेपाल तेक्वान्दो महासङ्घ गठन गर्ने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध अदालतमा रिट निवेदन दायर भएको थियो ।

## अर्थतन्त्र...

क्षेत्र र विज्ञहरूसँग राय सल्लाह लिएर अघि बढ्ने उनको भनाइ छ । नेपालको अर्थतन्त्र सम्हाल्नै नसकिने अवस्थामा पुगिनसकेको पनि उनको भनाइ छ। 'अर्थतन्त्रका अघि देखा परेका चुनौतीहरू काबु बाहिर छैनन् । तिनलाई समाधान गर्न सकिन्छ। राष्ट्रिय अर्थतन्त्रलाई सबल ढङ्गले अघि बढाउन सकिन्छ भन्ने विश्वास पनि दिलाउन चाहन्छु', पौडेलले भने। सार्वजनिक खर्चको दायरालाई कसरी कम गर्ने र पूँजीगत खर्च कसरी बढाउन सकिन्छ भन्नेतर्फ आफ्नो ध्यान केन्द्रीत हुने पनि उनको भनाइ छ।

दलहरूको भागबन्डामा परेर आफू अर्थमन्त्री बनेको नभई निर्वाचनपछि जनताले दिएको जिम्मेवारी पूरा गर्न आएको पनि उनको भनाइ छ। 'हामी भागबण्डामा होइन कर्तव्य निर्वाहमा विश्वास गर्छौं । निर्वाचनको नतिजास्वरूप यो सरकार बनेको हो र मुलुकलाई नेतृत्व गर्ने अभिभाराअनुसार हामी आएका हौं' उपप्रधान एवं अर्थमन्त्री पौडेलले भने ।

जिम्मेवारी सम्हाले लगत्तै पौडेलले अर्थ मन्त्रालय र मातहतका निकायको कार्यसम्पादनलाई डिजिटल प्रविधिमा रूपान्तरण गर्ने निर्णयमा हस्ताक्षर गरेका छन्। उनले आफ्नो पहिलो निर्णयका रूपमा अर्थमन्त्रालय र अन्तर्गतका निकायको कार्यसञ्चालन व्यवस्थापन प्रणालीलाई डिजिटलाइजेसन गर्नेसम्बन्धी निर्णय गरेका हुन् । पौडेलको उपप्रधानमन्त्रीका रूपमा दोस्रो र अर्थमन्त्रीका रूपमा यो तेस्रो कार्यकाल हो ।

## ६ महिनामै...

हुने बताएका छन् । पदभार ग्रहण गरिसकेपछि बोल्दै उनले कानुनमा सबै बराबर भएको बताए । लामिछानेले भने 'म वा त्यो भन्ने होइन । गृह प्रशासनले सबैलाई समान रुपमा हेर्छ । भइरहेको अनुसन्धानको छानबिनलाई स्वतन्त्र रुपमा छानबिन गर्छ ।'

## राप्रपा ...

पनि मन्त्री पठाउने दोधारमा छ । यसबारे निर्णयका लागि हतार गर्न आवश्यक नरहेको उनले अध्यक्ष उपेन्द्र यादवले तर्क गरे ।

यादवले यसो भन्दैगर्दा जसपाका संघीय परिषद् अध्यक्ष अशोक राईले भने सरकारमा पार्टीको तर्फबाट नेतृत्व गर्ने चाहना लुकाएनन् । यादवले केही दिनमा राजनीतिक समितिको बैठक बसेर मात्रै यसबारेमा के गर्ने भन्ने निर्णय लिने बताएका छन्। प्रतिनिधिसभामा जसपाको १२ सिट छ । जसपाले मधेस प्रदेश सरकारको नेतृत्व आफूले पाउनुपर्ने दाबी गरेको छ । यसअघिको चुनावमा जसपा एमालेसँग तालमेलमा थियो ।

## संघको ...

सार्वजनिक भइसकेका छैनन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार रहँदासम्म प्रगतिशील मञ्च र महिला व्यवसायी संघ बाहेक अन्य संस्था एशोसिएसनको नेतृत्वमा गठबन्धन गरेर संघ कार्यसमितिको निर्वाचनमा जाने योजनामा थिए ।

सरकारमा भएको फेरबदल र नयाँ गठबन्धनसँगै संघको आगामी निर्वाचनमा पनि बदलिएको राजनीतिक परिवेश अनुसारको गठबन्धन बनाउने र त्यसको नेतृत्व एमाले निकट मञ्चले गर्ने अध्यक्ष राजेन्द्र भण्डारीले मध्यान्हलाई बताए । उनले भने, 'अनौपचारिक छलफल धेरै पटक भएपनि औपचारिक छलफल गर्न बाँकी नै छ, वर्तमान सरकारमा रहेका दल निटक व्यवसायीलाई समेटेर व्यवसायीको बलियो मोर्चा बनाउने पहल भइरहेको छ ।'

सोमबारसम्मको अवस्थामा प्रगतिशील मञ्चसहित गणतान्त्रिक मञ्च, संघीय समाजवादी एकातिर तथा एशोसिएसन र एकीकृत संगठन अर्कोतर्फ हुने अवस्था देखिएको छ । तर एकीकृत संगठनको निर्वाचन परिचालन समिति संयोजक कमल सापकोटाले स्थिति अत्यन्तै तरल अवस्थामा रहेको भन्दै केही दिनपछि मात्रै कता जोडिने भन्नेबारे आधिकारिकरुपमा टिप्पणी गर्ने बताए । उनले भने, 'घटनाक्रमहरु विकास भइरहेका छन्, अझै केही दिनपछि मात्रै सहजरुपमा बोल्न सक्ने अवस्था हुन्छ, अहिलेसम्म हामी कतैतर्फ पनि ढल्केका छैनौं ।'

संघको विधान परिवर्तन नभएमा एशोसिएसनका तर्फबाट अध्यक्ष कुमुद खनाल, पूर्व द्वितीय उपाध्यक्षद्वय भुवनसिं गुरुङ र कमलदेव मल्ल, महासचिव सुजितकुमार श्रेष्ठमध्ये एक जना उम्मेदवार बन्ने छन् ।

प्रगतिशील मञ्चकातर्फबाट अध्यक्ष भण्डारी, पूर्वअध्यक्षद्वय रोहन गुरुङ र नरेश गेलाल, पूर्व द्वितीय उपाध्यक्ष मुक्तिनाथ अधिकारी र पूर्वसचिव सुवर्ण श्रेष्ठ अध्यक्षको उम्मेदवार बन्न योग्य छन् । तर यसअघिका छलफलमा भण्डारीको सक्रियता बढी मात्रामा देखिएको छ । उनी नै मञ्चको तर्फबाट अध्यक्षको उम्मेदवार बन्न सक्ने बताइएको छ ।

## ७ महिनामा...

आन्तरिक रोजगारी सिर्जना, वैदेशिक रोजगारीको व्यवस्थापन, सामाजिक सुरक्षाको दायरा विस्तार, प्रधानमन्त्री रोजगार कार्यक्रमलगायत विविध कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बेरोजगारी समस्या समाधान खोज्न आफ्नो ध्यान केन्द्रित भएको बताए । निवर्तमान मन्त्री कुँवरले गत असार १३ मा श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए ।

मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो छ महिनाको कार्य प्रगतिमा स्वदेशमा रोजगारी सिर्जना, वैदेशिक रोजगारी, सामाजिक सुरक्षा, व्यावसायिक सीप विकास तथा तालिम विस्तार र सेवा प्रवाहमा फड्को मारेको दाबी गरिएको छ ।

श्रम बजारमा प्रवेश गर्ने सम्पूर्ण जनशक्तिलाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउने उद्देश्यले उनीहरुको क्षमता विकास गरी व्यावसायिक सीप तथा तालिम प्रदान गर्ने कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ ।

बेलायतमा नेपाली स्वास्थ्य श्रमिकलाई रोजगारीका अवसर उपलब्ध गराउन गत भदौ ६ मा नेपाल र बेलायतबीच श्रम समझदारीपत्रमा हस्ताक्षर भएको, रोमानियामा वैदेशिक रोजगारीमा जान चाहने नेपाली नागरिकले त्यहाँबाट रोजगार सम्झौता प्राप्त गरेपछि प्रवेशाज्ञा लिन भारत जानुपर्ने अवस्थालाई अन्त्यगरी अस्थायीरुपमा काठमाडौँमा रोमानियन मिसन स्थापना गरी सरलीकरण गरिएको उनले बताए।

वैदेशिक रोजगारीसम्बन्धी सेवालाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिका माध्यमबाट सेवा प्रवाह गरिएको, श्रम स्वीकृति तथा पुन:श्रम स्वीकृतिको कामलाई पूर्णरुपमा अनलाइन प्रणालीमा आबद्ध गरिएको मन्त्रालयले जनाएको छ । यसबाट श्रम स्वीकृतिका लागि लामो लाइन लाग्नुपर्ने बाध्यताको अन्त्य भएको उनले बताए ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका साथै सातवटै प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिने कार्य अगाडि बढिरहेको प्रगति विवरणमा उल्लेख छ ।

अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कार्यविधि संशोधन गरी उनीहरुलाई सो प्रक्रियामा सहभागी गराइएको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन 'मार्सल टिम' तथा 'शीघ्र प्रत्युत्तर टोली' गठन तथा २४ घण्टा गुनासो सुन्ने गरी मन्त्रालयमा श्रम कल सेन्टर स्थापना गरिएको उनले बताए ।

मन्त्री कुँवरले आफूले छ महिनाका अवधिमा गरेका सुधारका प्रयासबाट मुलुकको समग्र रोजगारीमा सुधार आउने, वैदेशिक रोजगारको व्यवस्थापनमा सुधार, असल श्रम सम्बन्धको विकास, युवाले व्यावसायिक सीप तथा तालिमको विकास हुने दाबी गरे। सबै श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरामा आउने, मन्त्रालय मातहतका निकायले प्रदान गर्ने सेवा प्रवाह सरलता, सहजता, पारदर्शीतासँगै सुशासन प्रवर्द्धन हुने उनको विश्वास छ ।


### मोटरसाइकल हराएको सूचना

मिति २०७९/०९/०९ गते अं. १९:०० बजेको समयमा का.जि. का.म.न.पा. वडा नं.६ फुटबल ग्राउण्ड कुदाप गिर्ल रेष्टुरण्ट पार्किङ्ग गरि राखेको अवस्थामा बा.प्र. ०२-०३८ प. ०४११ नम्बरको रातो–कालो रङ्गको २२० सि.सि.को मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निम्न मोबाइल नम्बरमा सर्म्पक गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

**सवारी धनी: अमृत लामा**
**च्यासिस नं: MD2A13EX4MCH96505**
**इन्जिन नं: DKXCMH30820**
**सम्पर्क: ९८०३०४१५७२**

### साउदीमा रोजगार

कम्पनी: AL HOUSSAIN & AL AFALIQ GROUP CO.

पूर्व स्वीकृत मितिः २०७९/११/२४ | चलानी नं.: ६०१९१९४० | LT. No.: 276416 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Movement Foreman | 1 | 0 | | 2000 | ७०,३६० | | | | | | | |
| 3. | Concrete Batching Plant Operator | 1 | 0 | | 2000 | ७०,३६० | | | | | | | |
| 4. | Concrete Labour | 3 | 0 | | 1000 | ३५,१८० | | | | | | | |
| 5. | concrete mix labor | 3 | 0 | | 1000 | ३५,१८० | | | | | | | |
| 6. | Heavy Driver | 2 | 0 | | 1800 | ६३,३२४ | | | | | | | |
| 7. | WELDRER | 1 | 0 | | 1500 | ५२,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १९ गते (3 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.** श्रम ईजाजत नं.: १०३/०५४/०५५
कुलेश्वर, काठमाडौं फोन: ०१-५३७२०८०, ५३०१३५९

### Romania मा रोजगारको अवसर

कम्पनी: INTERNATIONAL WORK FINDER
शहर: Romania, BUCHAREST,

पूर्व स्वीकृत मितिः २०७८/०२/२४ | चलानी नं.: ६०१८७३०३ | LT. No.: 264005 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housemaid | 000 | 5 | सम्बन्धित काममा दक्ष | 550 | ७२,७५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker | 000 | 6 | | 550 | ७२,७५४ | | | | | | | |
| 3. | Cook Helper | 000 | 5 | | 550 | ७२,७५४ | | | | | | | |

### UAE मा रोजगारको अवसर

कम्पनी: Star Security Services LLC
शहर: UAE, Dubai

पूर्व स्वीकृत मितिः २०७८/०३/१९ | चलानी नं.: ६०१८४०९१ | LT. No.: 266287 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 171 | 50 | स. काममा दक्ष | 2000 | ७२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

### Qatar मा रोजगारको अवसर

कम्पनी: Qatar Integrated Plastic Bags Factory
शहर: Qatar, Doha

पूर्व स्वीकृत मितिः २०७८/०६/०९ | चलानी नं.: ६०१८८३०३ | LT. No.: 272579 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 19 | 0 | स. काममा दक्ष | 1000 | ३६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. ७०,०००/– कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १९ गते (3 December 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
लाजिम्पाट– २, गैरीधारा, काठमाडौं, फोन: ४००४५५२, ४००४५३५, ४००४५३२, ४००४६९४
मोबाइल: ९८०३७४११६२,९८५१३१८७६५,९८५५०५१६९८,९८०१००३९३५,९८२८५७३०३७
श्रम ईजाजत नं. : ६२७/०६३/०६४, E-mail: cv@futuregroup.com.np, web: www.futuregroup.com.np
Pokhara Branch No:061-545507/544524 /9805156820/9806708246

### KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: KUWAIT PRITCHARD CO. CLEANING & MAINTENANCE WLL शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०६/१४ | चलानी नं.: ६०१८८५९३ | LT. No.: 272961 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER / HELPER | 27 | 55 | स. काममा दक्ष | 85 | ३५,७८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १९ गते (3 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु.१०,०००।– |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

### KUWAIT मा रोजगार

कम्पनी: VISION INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO WLL, KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०८/०६ | चलानी नं.: ६०१९१७६० | LT. No.:276159 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 50 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४०,२६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Elecrical Helper | 50 | 0 | | 95 | ४०,२६६ | | | | | | | |

### UAE मा रोजगार

कम्पनी: AL HOBOOB CLEANING SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०५/३० | चलानी नं.: ६०१८८००७ | LT. No.: 271467 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 90 | 10 | स. काममा दक्ष | 800 | २७,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १९ गते (3 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**भिक्टोरी नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ९११/०६७/०६८
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१ ४५९०२९६


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको **प्रा.लि. नं. १५५७७९** को **एन.एम. ल्यापटप सोलुसन प्रा.लि.**को मिति २०७८/१०/१० गतेको विषेश साधारण सभा बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ को दफा बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

### ग्यालेक्सी भ्याली क्याफे एण्ड रेष्टुरेण्ट प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम दर्ता कायम भएको **ग्यालेक्सी भ्याली क्याफे एण्ड रेष्टुरेण्ट प्रा.लि. (दर्ता.नं. २५८४२७/०७७/०७८)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०९/११ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हकदावी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०९/१२**

यस कार्यालयमा मिति २०६७/०८/१९ मा दर्ता भएको **प्रा.लि. नं. ७८१२३** को **जनशक्ति ढुवानी सेवा प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना

**(प्रकाशित मिति २०७९/०९/१२)**

यस कार्यालयबाट मिति २०७९/०७/२९ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ।

**तपशिल**

| खरिद नं. | कामको विवरण | बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल अंक रकम भ्याट र PS सहित रु |
|---|---|---|---|
| BANKE/KOMUN/ W/NCB-12/079/080 | Sickelcell Lab Talla thap, Kohalpur-11, Banke | सात भाई निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.अछाम । | 19,81,761.24 |
| BANKE/KOMUN/ W/NCB-13/079/080 | Shree Shikhar jadibuti dekhi purba Mohan Dangiko Gharsamma sadak kalopatre Kohalpur –11, Banke | महारुद्र निर्माण सेवा कोहलपुर, बाँके । | 13,01,365.98 |
| BANKE/KOMUN/ W/NCB-14/079/080 | ward no. 7 jane bato kaloptre Kohalpur-7, Banke | जे एण्ड जे कन्स्ट्रक्शन जानकी, बाँके । | 12,42,990.97 |

**प्रमुख प्रशासकीय अधिकृत**

# 'बिआरआईलगायत रणनीतिक विषयमा नेपालसँग सहकार्य'




**काठमाडौं/मस–** जनवादी गणतन्त्र चीनको विदेश मामिला मन्त्रालयले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई) लगायतका रणनीतिक विषयहरूमा समन्वय र सहकार्यको अपेक्षा गरेको जनाएको छ।

चिनियाँ विदेश मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा सोमबार मन्त्रालयका प्रवक्ता माओ निङले नेपालसँगको लामो मित्रतापूर्ण सहकार्य जारी राख्ने बताए।

उनले भने, 'लामो समयको नेपाल-चीन सम्बन्धलाई हामी महत्त्वका साथ हेर्छौं। हामी नयाँ नेतृत्वको सरकारसँग मित्रतापूर्ण सम्बन्ध र सहकार्य गर्छौं।'

नेपालमा शान्तिपूर्ण र सफलरूपमा निर्वाचन सम्पन्न भएको पनि चिनियाँ विदेश मन्त्रालयले उल्लेख गरेको छ। चिनियाँ विदेश मन्त्रालयले केही रणनीतिक विषयको सहकार्यमा निरन्तरता रहने उल्लेख गरेको छ। उनले भने, 'नेपालको नयाँ प्रधानमन्त्रीका रूपमा पुष्पकमल दाहाल 'प्रचण्ड' नियुक्त हुनुभएकोमा बधाइ ज्ञापन गर्दछौं। बेल्ट एन्ड रोड कोअपरेसनलगायत दुई देशबीच रणनीतिक सहकार्य र समन्वयका लागि हाम्रो अपेक्षा रहन्छ।'

चीनले नेपालसँगको सम्बन्धलाई उच्च महत्त्व दिएको र विकास तथा समृद्धिका लागि चिरस्थायी मित्रता कायम रहोस् भन्ने चाहेको पनि त्यहाँको विदेश मन्त्रालयले जनाएको छ। त्यस्तै, विभिन्न राजनीतिक दलसँगको समन्वयबाट नेपालमा दिगो र स्थायी सामाजिक-आर्थिक विकास हुने विश्वास लिएको पनि उसले उल्लेख गरेको छ।

# प्रदेश नं १ मन्त्रिपरिषद् बैठक
# १७ गते प्रदेशसभा अधिवेशन आह्वान

**विराटनगर/मस–** प्रदेश नं १ मन्त्रिपरिषद्को बैठकले प्रदेशसभाको प्रथम अधिवेशन यही पुस १७ गतेका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले नेपालको संविधानको धारा, १८३ को उपधारा (१) बमोजिम प्रदेशसभाको प्रथम अधिवेशन यही २०७९ साल पुस १७ गते आइतबार अपराह्न १ बजेका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चारकमन्त्री उपेन्द्रप्रसाद घिमिरेले जानकारी दिए।

मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको प्रथम अधिवेशन आह्वान गर्न नेपालको संविधानको धारा, १६६ को उपधारा (२) बमोजिम प्रदेशप्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको उनले बताए। प्रदेशप्रमुखले प्रदेशसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले २० दिनभित्र प्रदेशसभाको अधिवेशन आह्वान गर्नेछ भन्ने संवैधानिक व्यवस्थाबमोजिम प्रदेश सरकार मन्त्रिपरिषद्ले बैठक आह्वानका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो।

## सांसदद्वारा शपथ

प्रदेशसभा सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रदेशसभाका सभाध्यक्ष एवं ज्येष्ठ सदस्य गयानन्द मण्डल गनगाईँले ९२ जना सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्। प्रदेशसभामा निर्मल लिम्बू, खगेनसिं हाङ्गाम, इन्द्रबहादुर आङ्बो, खिनु लङ्वा लिम्बू र कमलप्रसाद जवेगुले लिम्बू भाषामा तथा सुनिता गच्छदारले थारू भाषामा शपथ लिएका थिए।

सभाध्यक्ष मण्डलले जनतालाई दिएको वाचा पूरा गर्न ईश्वरका नाममा शपथ लिनुभएका प्रदेशसभा सदस्यहरूले आफ्ना जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्ने विश्वास व्यक्त गरेका थिए।

शपथ ग्रहण पछिको आयोजित बधाई तथा शुभकामना कार्यक्रममा सभाध्यक्ष मण्डलले अहिलेको यो जिम्मेवारीलाई मैले अवसरका रूपमा लिएको बताउँदै सबै सदस्यहरूले भाइचाराको सम्बन्ध बनाएर प्रदेशसभाको काम पूरा गर्नुपर्ने धारणा राखे। उनले प्रदेशसभामा तत्काल सम्पादन गर्नुपर्ने काम गर्ने प्रतिबद्धता व्यक्त गरे। सो अवसरमा प्रदेशका मुख्यमन्त्री राजेन्द्रकुमार राई, आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बो, सडक पूर्वाधार तथा सहरी विकासमन्त्री हिमाल कार्कीलगायत प्रदेश सरकारका सरकार उच्च ओहदाका प्रहरीप्रमुख, सचिव, कार्यालय प्रमुख, सञ्चारकर्मी एवं समाजसेवीहरुको उपस्थिति रहेको थियो।

# राजनीतिक प्रकरणबारे गहिरो समीक्षा हुन्छ : गगन थापा

**गण्डकी/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले मुलुकको सत्ता राजनीतिमा आएको नाटकीय उलटफेरपछि लक्ष्यमा पुग्न लागेको कांग्रेस शून्यमा झरेको जस्तो अनुभूति भएको बताएका छन्।

पोखरामा सोमबार आयोजित साहित्य महोत्सवको 'राजनीतिमा समाजको ऐना' सत्रमा पत्रकार वसन्त बस्नेतसँगको संवादमा उनले पछिल्लो राजनीतिक प्रकरणबारे पार्टीभित्र गहिरो समीक्षा गरिने उल्लेख गरे।

अप्रत्याशित रुपमा कांग्रेस सत्ताबाहिर रहनुपर्ने गरी घटनाक्रम विकसित हुँदा पनि पार्टी नेतृत्वबाट आफूलाई कुनै जानकारी नदिइएको महामन्त्री थापाले गुनासो गरे। उनले भने, 'हिजो बिहान ६ बजेदेखि पार्टी सभापतिको कतिबेला फोन आउँछ भनेर कुरेर बसेँ, पार्टीमा छलफल गरेर गठबन्धन बैठकमा निर्णय लिन्छु भन्ने सभापतिको कुरा पनि समाचार पढेर थाहा पाएँ। पार्टीभित्र त म पनि पर्छु, अनिवार्य पर्छु, तर मलाई बोलाइएन, अपमानित जस्तो हुनुपर्‍यो।'

महामन्त्री थापाले जित/हारको चरण सकिएको भन्दै कांग्रेस फेरि उठ्ने धारणा राखे। 'पार्टीलाई सुदृढ र सबल कसरी बनाउन सकिन्छ भन्नेमा हामी सोचिरहेका छौं, चिन्तन गरिरहेका छौं' उनले भने।

# चिसो बढेसँगै तराई झर्न थाले हुम्लाबासी

**हुम्ला/मस–** जिल्लामा अत्याधिक चिसो बढेपछि यहाँका बासिन्दा तराई झर्न थालेका छन्। मंसिर पहिलो साता हिमपात भएपछि चिसो बढेको थियो। सदरमुकाम सिमकोटकै तापक्रम माइनस ९ डिग्रीसम्म पुगेको छ। चिसोका कारण बर्सेनी हुम्लाका बासिन्दा जाडो छल्न नेपालगन्ज, सुर्खेत, काठमाडौंलगायतका शहर जान्छन्। चिसो छल्न बाहिर जानेहरूकै कारण सिमकोट विमानस्थल व्यस्त बनेको छ। अहिले विमानस्थलमा प्रतिदिन ५ वटासम्म उडान भइरहेका छन्। विशेषगरी उत्तरी क्षेत्रका नाम्खा गाउँपालिका, सिमकोट गाउँपालिका र खार्पुनाथ गाउँपालिकाबाट बाहिर जानेहरूको संख्या बढेको छ। हुम्लामा सबैभन्दा बढी चिसो र हिमपात हुने नाम्खा गाउँपालिकामा यो वर्ष विकास निर्माणका कुनै काम शुरु भएका छैनन्। विकास बजेट छुट्याएको भएपनि नाम्खा गाउँपालिकाका स्थानीय तराईबाट फर्किएपछि वैशाखबाट मात्र काम शुरु गर्ने गरेका छन्। अहिले नाम्खा गाउँपालिका-६ लिमी झन्डै २ फिटसम्म हिउँ जमेको छ। लिमीका बासिन्दाहरूलाई बाक्लो हिउँ परेपछि गाउँ बाहिर निस्कन नै समस्या भएको लिमी वडा अध्यक्ष पाल्जोर तामाङले बताए। अध्यक्ष तामाङका अनुसार नाम्खा गाउँपालिकाका योजनाहरु अब वैशाख जेठमा हिउँ पग्लेपछि मात्र संचालन हुने बताए।

# आयोगले निरन्तर अनुगमन गरिहेको छ : अध्यक्ष मगर

**काठमाडौं/मस–** राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर थापा मगरले ज्येष्ठ नागरिकका हक हित, अधिकारको संरक्षण र संवर्द्धनमा विभिन्न निकायले सञ्चालन गरेका कामप्रति आयोगले अनुगमन गरिरहेको बताएका छन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घद्वारा संयुक्त रुपमा आयोजित कार्यक्रममा 'हामी सबैको सरकार, ज्येष्ठ नागरिकको अधिकार' नारासहित दोस्रो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस-२०७९ मनाइएको छ। कार्यक्रममा अध्यक्ष मगरले भने, 'वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकलाई राज्यबाट प्रदान गरिने सेवासुविधा कत्तिको प्रभावकारी ढङ्गले सञ्चालन भएको भन्ने विषयमा आयोगले अध्ययन प्रतिवेदन तयार गरिरहेको छ। मानव अधिकार उल्लङ्घन भएका क्षेत्रहरूको आयोगबाट अवलोकन भइरहेको छ।'

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव डिल्लीराम शर्माले भने, 'समन्वयन र सहकार्य गरेर ज्येष्ठ नागरिकको हकहितको सम्मान, हकहितका लागि नीतिगत कार्यान्वयन गर्न आयोग प्रतिबद्ध रहेको छ।' मूल समारोहमा मुलुकलाई निःस्वार्थ सेवा कार्यको कदरस्वरुप दिवसका अवसरमा राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका पूर्वअध्यक्ष एवं सल्लाहकारका रुपमा संरक्षकत्व प्रदान गरिरहनुभएका ९८ वर्षीय ज्येष्ठ नागरिक डा. गौरीशङ्करलाल दासलाई सम्मानपत्र प्रदान गरिएको थियो।


## कतारमा रोजगार | कम्पनी: AL QASWA TRANSPORTS & TRADING CO. शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/१७ चलानी नं.: ६०१८५८२५ LT. No.: 271124 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy vehicle Driver(Male) | 3 | 0 | स. काममा दक्ष | 2000 | ७२,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: House Keeping Cleaning शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/१३ चलानी नं.: ६०१८६३६४ LT. No.: 270448 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Steward ( Female) | 0 | 93 | स. काममा दक्ष | 1000 | ३६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी: Life style for cleaning & Maintenance शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०७/२८ चलानी नं.: ६०१९११८६ LT. No.: 275555 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 38 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ६१,३८७ | | | | | | | |

३. कम्पनी: Medtel W N WLL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/२८ चलानी नं.: ६०१८७६०१ LT. No.: 271846 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६१,३८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 8 | 0 | | 1200 | ४३,३३२ | | | | | | | |

अन्तर्वार्ता मेनपा वर कार्यालय काठमाडौंमा २०७९ पुष १९ गते (3 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

AAROHI HR Solutions Pvt. Ltd. Govt. Lic. No. 1244/074/075
ISO 9001:2015 Certified
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal.
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01- 4961807, 4962925 9802067941

## Cuprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी.- Stalagmite Manpower Service LTD,Limassol, Cyprus पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।०२।३० चलानी नं. ६०१५९१६४ LT.No. 240988

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Handler/Cook | 03 | - | काममा दक्ष | 900 | १२६,४६१।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

२. कम्पनी.- Hyper Con Labour Ltd, Nicosia, Cyprus पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०७८।१२।१४ चलानी नं. ६०१८०१२० LT.No. 260464

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | काममा दक्ष | 320 | ४४,९६३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने | भीषा स्ट्याम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | रु १०,०००/- |

अन्तर्वार्ता २०७९ साउन १८ गते (3 Jan. 2023) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिका रोजगार विभाग बुद्धनगर, काठमाण्डौमा सम्पर्क राख्नु होला।

Kosh Overseas Pvt. Ltd.
इजाजत नं. १५०६।०७४।७५
Koteshwor-32, Kathmandu. Ph no. 01-5199734, 5199714

## मलेसियामा रोजगार | कम्पनी: LIP TACK ENGINEERING SDN.BHD. शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०९/११ चलानी नं.: ६०१९३७८३ LT. No.: 278222

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १९ गते (3 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Topaz International Pvt. Ltd.
Gayatri Bhawan, 3rd Floor, Maitidevi,Gyaneshwor, Kathmandu. Nepal.
Tel.: +977– 014512650

## PRO WANTED

*A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following position:-*

1 PRO : 2 MALE/FEMALE

*Salary :- Negotiable*
*Experience:- Minimum 2 Years*

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu
TEL NO:- 4588213 | MOBILE NO :-9851035867, 9851068774


## राष्ट्रिय खाद्य बैंक लि.

केन्द्रीय कार्यालयः बानेश्वर, काठमाडौं
फोन नं. ०१–५९०६८१०, ईमेलः rastriyakhadyabank@gmail.com

**दास्रो वार्षिक साधारण सभाको सूचना**

प्रकाशित मितिः २०७९/०९/१२

**सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु,**
यस कम्पनीको मिति २०७९/०८/२३ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** :- २०७९/०९/३० गते शनिबार
**समय** :- दिउँसो १:०० बजे
**स्थान** :- रोयल ब्याङ्केट, तिनकुने काठमाडौं

**साधरण सभामा छलफलका विषयहरु**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
२) आ.व. २०७८/०७९ सालको वासलात, नाफा-नोक्सान सहितको लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३) आ.व. २०७९/८० को हरहिसाब, लोखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४) विविध

**शंकरनाथ उप्रेती**
**(कार्यकारी अध्यक्ष)**

## Chhathar Jorpati Rural Municipality
## Office Of the Rural Municipal Executive

**Jorpati, Dhankuta**

### Invitation for Online Bids

**Date of publication: 2079/09/12 (2022-Dec-27)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (without Vat &PS) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 05/CJRMUN/NCB/2079/080 | Construction of Ward office Building Ward no 01 | 1,37,41,734.92/- | 3,000 | 3,25,000 /- | 120 Days | NCB | 2079/10/11 (2023-Jan-25) |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.

**Name of the Bank** : **Nabil Bank Ltd. Sindhuwa, Dhankuta.**
**Name of Office** : **Chhathar Jorpati Rural Municipality, Jorpati, Dhankuta.**
**Office Account Name and No.** : **Antarik Rajaswa Khata 20901017500044**

4. Bid security amount deposited at Name and A/C No. Dharauti Khata 20901017500025 on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Lt Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

मध्यान्ह
www.madhyanhadaily.com
१२ पुस २०७९, मंगलबार
27 December 2022, Tuesday

## सम्पादकीय

# नयाँ सरकारको चुनौती

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तेस्रो पटक प्रधानमन्त्री बनेर सिंहदरबार छिरेका छन् । प्रतिनिधिसभाको १६९ सांसदको समर्थनमा आइतबार प्रधानमन्त्री नियुक्त प्रचण्डले सोमबार राष्ट्रपति निवास शितलनिवासमा शपथ लिएर सिंहदरबार प्रवेश गरेका छन् । आफूसँगै प्रचण्डले थप सात मन्त्री नियुक्त गरेका छन् । त्यसमा तीन जना उपप्रधानमन्त्री छन् । विष्णुप्रसाद पौडेल, नारायणकाजी श्रेष्ठ र रवि लामिछानेलाई प्रधानमन्त्री प्रचण्डले उपप्रधानमन्त्री नियुक्त गरेका हुन् । उपप्रधानसँगै पौडेललाई अर्थ, श्रेष्ठलाई भौतिक पूर्वाधार र लामिछानेलाई गृह मन्त्रालयको जिम्मेवारी समेत दिएका छन् । राजेन्द्र राई, दामोदर भण्डारी, ज्वालाकुमारी साह र अब्दुल खानलाई प्रधानमन्त्री प्रचण्डले पछि जिम्मेवारी दिनेगरी मन्त्री नियुक्त गरेका छन् । पौडेल, राई, भण्डारी र साह एमालेका सांसद हुन् भने खान जनमत पार्टीका सांसद हुन् । श्रेष्ठ माओवादी केन्द्र र लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टीका नेता हुन् ।

सात दलको सरकार भएकाले अझै जनता समाजवादी पार्टीलाई सरकारमा सामेल गराउन बाँकी नै छ । राप्रपा र नागरिक उन्मुक्तिले सरकारलाई समर्थन मात्रै गर्ने जनाएको छ । तर सत्तामा सामेल हुन जाने सांसदहरूको आकांक्षा व्यवस्थापन गर्दै चुस्त मन्त्रिपरिषद् मार्फत् प्रभावकारी काम गर्नु प्रधानमन्त्री प्रचण्डको चुनौती हो । पदभार ग्रहणकै दिन बसेको मन्त्रिपरिषद् बैठकले सुशासनलाई प्राथमिकतामा राख्ने निर्णय गरेको छ । सुशासनको निर्णय गर्नुको अर्थ सरकारले जनताको गुनासोलाई प्राथमिकतामा राखेको बुझ्न सकिन्छ । यसअघिका सरकारसँग पनि जनताको धेरै अपेक्षा हुने गरेको थिएन । बरू प्रधानमन्त्री र मन्त्रीहरू आफै अगाडि बढेर मुलुकको कायापलट गर्ने प्रतिबद्धता जनाउने गर्थे ।

प्रचण्ड नेतृत्वको प्रारम्भिक मन्त्रिपरिषद्का सदस्यहरूले पनि ठूलै आशा देखाएर प्रतिबद्धता जनाएका छन् । जबकी यो सरकारले विश्व परिस्थिति र मुलुकको अवस्थिति हेरेर आवश्यक निर्णय लिन जरूरी देखिन्छ । कोरोना महामारीको कारणले थलिएको अर्थतन्त्र र विश्वव्यापीमा रूपमा बढ्न सक्ने आर्थिक संकटबाट मुलुकलाई जोगाएर अगाडि बढ्नु सजिलो छैन । किनकि मुलुकले लगातार ब्यापारघाटा बेहोरिरहेको छ । वैदेशिक रोजगारीबाट टिकेको अर्थतन्त्रलाई सामान्य अवस्थामै राख्नु यो सरकारको चुनौती हो । सुशासनको प्रत्याभूति दिलाउँदै विकासे काम समेत अगाडि बढाउनु सजिलो छैन । अर्थात्, यो सरकार निर्माणका क्रममा जति संघर्ष गर्नुपरेको छ, सरकारलाई सफल बनाउन त्यो भन्दा कठिन देखिन्छ । यी तमाम चुनौतीबीच सफल कार्यकालका निम्ति नवनियुक्त मन्त्रिपरिषद्का सदस्यहरूलाई शुभकामना !

# चीनको उदय र भारत

**अग्रलेख**



● लोकनारायण सुबेदी

हुन त चीन र भारतको सीमानामा बेला-बेलामा ठूला साना झडपहरु पनि भइरहेका छन् । तर, सीमानाका त्यस्ता झडप पछि वार्ता गर्ने, समस्या सुल्झाउन खोज्ने र त्यस्ता झडपहरुलाई सीमित तुल्याउने कामहरु पनि गरिँदै आएको देखिन्छ । तथापि, एक अर्काप्रति आरोप-प्रत्यारोप पनि लाग्ने लगाउने प्रचार युद्ध पनि चलिरहेकै छ । यद्यपि, महत्वपूर्ण कुरा के छ भने यस्तै स्थितिका बीच परस्पर आर्थिक कारोबारहरु पनि अभूतपूर्वरूपमा बढिरहेका छन् । भारत डलरमा जस्तै चिनियाँ मुद्रा यूआनमा पनि खासगरी व्यापारिक कारोबारमा धेरै अघि बढिसकेको छ । यसैले दुई देशबीच सन् १९६२ को युद्धलाई छोडेर अहिलेसम्म 'दुश्मनी सानो र दोस्ती ठूलो'रूपमा चलिरहेको दुई देशबीचको सम्बन्धको अर्थ-राजनीति तस्बीर देख्न सकिन्छ । त्यसले एउटा राजनीतिक आयाम पनि लिएको छ ।

अहिलेको रुस-यूक्रेन युद्धकोरूपमा नाटो र रुस युद्धको बेला चीन र भारत एकै ठाउँमा उभिन पुगेका छन् । उल्लेखनीय के छ भने साइबेरियन कोल इनर्जी(एसयूइके) रुसको कोइला आपूर्ति गर्ने कम्पनी हो, जसको भारतसँग पनि ठूलै कारोबार दुबईस्थित यसको कम्पनीबाट हुने गरेको छ । यसैका माध्यमबाट भारतको सीमेण्ट कम्पनी अल्ट्राटेकले यस वर्ष (२०२२) एक लाख ५७ हजार टन कोइलाको आयात रुसबाटै गरेको देखिन्छ ।

रुसमाथि पश्चिमा संसारले अमेरिकाको नेतृत्वमा प्रतिबन्ध लगाएका कारणले भारत कोइलाको भूक्तानीको मामिलामा फसेर रहेको थियो । जून २०२२ मा २५.८१ मिलियन डलरको भुक्तानी अन्ततः भारतले चिनियाँ मुद्रा यूआनमा गरेको थियो । यत्रो ठूलो भूक्तानी भारतीय रिजर्भ बैंकको जानकारी बिना सम्भव हुने थिएन । यस्तै, अर्को एउटा उदाहरण गएको वर्ष २०२१ पनि रहेको छ । रुसको निजी क्षेत्रको चर्चित बैंक गाजप्रोम बैंक र यूको बैंकको वास्त्रो एकाउण्टका बीच यस्तै भुक्तानीको विषयलाई लिएर कठिनाई उत्पन्न हुन थालेको थियो । त्यति नै बेला भारतीय रिजर्भ बैंकले 'क्रस करेन्सी'का रूपमा चिनियाँ मुद्रा युआनलाई अघि बढाउने निर्णय लिएको थियो । हुन पनि चिनियाँ मुद्रामा भूक्तानी गरे पछि यो समस्या सुल्झिएको थियो । अब त यो कुरा भारत सरकारले प्रष्ट बुझिसकेको छ कि रुससमेत अन्य देशहरुबाट आयातका लागि भूक्तानी गर्न भारतले कत्तिको उपयोग गरिसकेको र गरिरहेको छ । दुबई-सिंगापुर सम्बन्धित यस्ता दर्जनौ भुक्तानी गरिएका छन्, जुन 'रूपैयाँ-डलर-युआन-रुबल'को माध्यमबाट भएका छन् । यसै कारणले पनि चिनियाँ मुद्रा 'यूआन' पनि बिनिमयका दृष्टिले 'डलर' जस्तै नै रूपैयाँको तुलनामा महँगो हुँदै गएको छ ।

भारतको मिनिस्ट्री अफ कर्पोरेट अफेयर्सको डाटालाई यदि कसैले हेर्दछ भने २०२२मा भारतमा सक्रिय चिनियाँ कम्पनीहरुको सूचना उसले पाउने छ । द कर्पोरेट डाटा म्यानेजमेण्ट(सीडीएम)को एउटा पोर्टल छ, त्यसको भारत सरकारको कर्पोरेट कार्य मन्त्रालय (एमसीए)ले विकसित गरेको हो, त्यस पोर्टलमा चीनका मात्र ३ हजार ५६० कम्पनीहरु २०२२ सम्म भारतमा कार्यरत रहेको देखिएका छन् र जसका डाइरेक्टर्सहरु सक्रिय रहेका छन् ।

दुई देशबीचको सीमामा जब-जब झडप हुने गर्दछ, भारतका तर्फबाट वक्तव्यबाजीमा एउटा शब्दको प्रयोग प्रायः सधैँ हुने गर्दछ । त्यो हो -यो १९६२ को भारत होइन । तर कोही पनि त्यो भारतीय सीमा क्षेत्रमा जाँदा देख्दछ माथिल्लो लद्दाखदेखि लिएर चार हजार ५७ किलो मिटर लामो रहेको र भनिने गरेको वास्तबिक सीमा रेखा 'एलएसी' को कुनै पनि हिस्सा अर्थात् लद्दाख-कश्मिर, मध्यभागमा उत्तराखण्ड-हिमाचल प्रदेश र पूर्वी क्षेत्रमा सिक्किम र अरुणाञ्चल प्रदेश यो पूरै क्षेत्रमा रहेको १०० किलोमिटर सडक पार गर्न ८-१० घण्टा लाग्दछ । अनि भारत सन् १९६२ को होइन रहेछ भनेर सन् २०२२ मा पुग्दा भनेर कसरी भन्ने कुरा पनि भारतमा उठिरहेको छ । उनीहरुले यो बितेको ४० वर्षमा चीनसँग सीमा जोडिएको क्षेत्रमा आधा आधी मात्र सडक बनेको र त्यो पनि स्तरीय नरहेको उल्लेख गरिरहेका छन् । उता चीनले आफ्नो सीमा क्षेत्रमा कत्तिको विकास गरेको छ र युद्ध सामाग्री, रसद पानी आपूर्ति गर्नका लागि कत्तिको अत्याधुनिकतम व्यवस्था गरेको छ, त्यो दिल्लीमा बसेका मानिसहरुका लागि परिकथा जस्तो लाग्न सक्छ भनेर भारतीयहरुले भारतीय विकास स्थितिको नै खिल्ली उडाइरहेका छन् ।

आजभन्दा चार वर्ष अगाडि नै १२ जनवरी २०१८ मा रायटर समाचार सुत्रले खबर दिएको थियो कि भारतले आफ्नो वैज्ञानिक संस्था इसरोको मद्दतले अन्तरिक्षमा १०० वटा विभिन्न स्याटलाईटहरु प्रक्षेपण गरिसकेको छ । यस्तै, ३१ वटा न्यानो र माइक्रो स्याटलाईटहरुमध्येमा आधा अमेरिका, क्यानडा, फिनल्याण्ड, फ्रान्स र दक्षिण कोरियाहरुले उपयोग गर्नेछन् अनि बाँकी भारतीय सीमाहरुको चौकसी हुनेछ । इसरोले 'पीएसएलवी सी-४० र कार्टोस्टेट-२लाई 'आई इन द स्काई' नाम दिएको थियो । भारत सरकार सुनिश्चित थियो कि उपग्रहरुको माध्यमबाट 'हाई रिजोल्यूशन' भएका इमेजहरुबाट भारतीय सीमाका एउटा एउटा हलचलहरुलाई देख्न सकिने छ । यी सबै कुरा गरिएको छ भन्दाभन्दै पनि ५ मई २०२० मा भारत र चीनका बीच गलवान झडप हुन पुग्दछ । गोग्रा हट स्प्रिङ्ग, छाङ चेनमो नदी, पेंगोग तालसम्म चीनका सैनिक घुसपेठ गर्दछन् भन्ने भारत सरकारको भनाई सत्य हो भने त्यो स्याटेलाईट प्रणालीद्वारा सीमा निगरानीको व्यवस्थाप्रति भारतीय स्वयंमले प्रश्न उठाउने नै भए ।

> भारत सरकारले प्रष्ट बुझिसकेको छ कि रुसमा समेत अन्य देशहरुबाट आयातका लागि भूक्तानी गर्न यूआन उपयोगी बन्दैछ । दुबई-सिंगापुर सम्बन्धित दर्जनौ कारोबारका भूक्तानी पनि युआनको माध्यमबाट भएका छन् । यसै कारणले पनि चिनियाँ मुद्रा 'यूआन' बिनिमयका दृष्टिले 'डलर' जस्तै नै महँगो हुँदै गएको छ । यो महँगो मात्रै बनेको छैन, एसियामा डलरको विकल्प पनि बन्दै गएको छ ।

हुन पनि भारत सरकारले नै बताउने गरेको छ सीमा निगरानी 'मल्टिलेयर्ड'(बहुघेराको) छ । ब्याटलफिल्ड सर्भेलायन्स रडार(बीएफएसआर) जीपीएसदेखि लिएर थर्मल एण्ड डे क्यामेरा, एलआरएफ जस्ता कयौं प्रकारका उपकरणहरु जडित र सक्रिय छन् । सरकारद्वारा सीमामा पाँच स्तरको निगरानी व्यस्थामा इलेक्ट्रिक निगरानी, फिक्स सर्भेलायन्स, स्टेशनरी टेक्निकल सर्भेलायन्स, थ्री पर्सन सर्भेलायन्स र अण्डरकभर अपरेशनलाई रेखाङ्कित गर्ने गरिन्छ । त्यति गरिँदा पनि सीमानामा हतियार, नार्कोटिक्स जस्ता अवैध लागु पदार्थ र पशुहरुको तस्करीमाथि प्रतिबन्ध लाग्न सकेको छैन । यसमा भारतीयहरु के कमी रहेकाले घटना घट्नुभन्दा पूर्व समयमै सूचना चेतावनी नमिलेको हो भन्ने प्रश्न पनि उठाइरहेका छन् । यसको सही जवाफ देशको राष्ट्रिय सुरक्षा सल्लाहकार बाहेक अरु कसले राम्रोसँग दिन सक्ला भन्ने प्रश्न पनि खडा गरिरहेका छन् ।

भारतीय एकथरी विश्लेषकहरु भन्दछन् - चीनसँग हाम्रो जहाँ प्रतिस्पर्धा गर्नुपर्ने छ त्यस क्षेत्रमा हाम्रा सम्बद्ध अधिकार प्राप्त सरोकारवालाहरु च्यादर ओढेर सुतेका छन् । चीन जुन तीव्र गतिमा आफ्नो ऊर्जाको नीतिमा काम गरिरहेको छ भारत त्योभन्दा मिलौं टाढा छ । मंसिर अन्तिम साताको बुधबार चीन र साऊदी अरबका बीच २९.२७ अर्ब डलरको जुन महत्वपूर्ण दुई पक्षीय सम्झौता भएको छ त्यसमा ऊर्जा सहयोग सर्वोपरी छ । साऊदी अरबका ऊर्जा मन्त्रीले भने पनि कि चीन विश्वको सबैभन्दा ठूलो ऊर्जा उपभोक्ता हो भने हाम्रो देश सबैभन्दा उच्च तेल निर्यातक देश हो । दुबै मिलेर विश्वभरी नै तेल बजारलाई सन्तुलित राख्ने प्रयास गर्नेछन् । उनले भनेका ती शब्दहरुको निहीतार्थ केवल अमेरिका मात्र होइन, रुसले पनि खोज्ने प्रयास गर्नेछ । चीनले रियादको बैठकमा के पनि कुरा उठाइसकेको छ भने संघाई सहयोग संगठन र ब्रिक्सको बिस्तार गरिनेछ, जसमा इच्छुक अरब देशहरु पनि सदस्य बन्न सक्नेछन् ।

विश्वमा अमेरिकी लब्बीको एउटा प्रमुख देश साऊदी अरब एउटा नयाँ समीकरणका साथ चीनको पक्षमा खडा भएको छ- जसमा बहराईन, कुवेत, कतार, ओमान, संयुक्त अरब इमिरेट्सको समेतको साथ रहेको छ । रियादमा चीन-खाडी सहयोग परिषद(जीसीसी)को बैठकमा ती देशका सबै शीखर नेताहरु चीनका राष्ट्रपति शीको नयाँ मार्गचित्रसँग सहमत रहेका थिए । त्यस मार्गचित्रमा ऊर्जा, वित्तीय लगानी, हवाई अन्तरिक्ष (एयरो स्पेस), नयाँ अधिरचना, नयाँ प्रबिधि आदिलाई रेखांकित गरिएको छ । चीनका राष्ट्रपतिले आउँदो तीनदेखि पाँच वर्षसम्ममा ती पाँच क्षेत्रमा सहयोगलाई हामी सबै मिलेर साकार तुल्याउने छौं भन्ने प्रस्ताव पनि राखेका छन् ।

चीन र खाडीबीचको 'जीसीसी' त्यस क्षेत्रको अन्तरसरकारी आर्थिक संगठन हो, जसमा बहराइन, कुबेत, कतार, ओमन, साऊदी अरब र संयुक्त अरब इमिरेट्स रहेका छन् । शीले प्रष्ट भनेका छन् कि ती देशहरुमा आगामी वर्षमा चीनले कच्चा तेल र तरल ग्यास (लिक्वीफाइड नेचुरल ग्यास)को आयात बढाउने छ । खाडी देशहरुसँग यो व्यापारिक कारोबार चिनियाँ मुद्रा रनमिनपी(युआन)मा हुने गर्दछ । कुरा एकदमै स्पष्ट छ कि त्यस क्षेत्रमा डलरको विकल्पको रूपमा युआनलाई स्वीकार गराउने चीनका राष्ट्रपतिको भ्रमणको एउटा महत्वपूर्ण उद्देश्य रहेको थियो ।

यो वर्ष २०२२ मा चीनका राष्ट्रपति दोस्रो पटक साऊदी अरब गए । यसभन्दा पहिला २०१७ मा जब शी रियाद पुगेका थिए त्यति बेलै कयौं महत्वपूर्ण सम्झौताहरुमा हस्ताक्षर भएको थियो । तीमध्येमा नियोम प्रोजेक्ट सबैभन्दा महत्वाकांक्षी मानिएको थियो । त्यस परियोजनाअन्तर्गत उत्तर-पश्चिम साऊदी शहर ताबुलाई यूरोप र अफ्रिकासँग सडक मार्गको माध्यमबाट जोड्ने कुरा थियो । ताबुकमा साऊदी अरबको सबैभन्दा बृहदाकारको एयरबेश रहेको छ । नियोम प्रोजेक्टबाट चिनियाँ कम्पनीहरु लाभान्वित भए । प्रकारान्तरमा यसको जीजान क्षेत्रमा कतिपय चिनियाँ कम्पनीहरु अधिरचना तथा उर्जाको क्षेत्रका लागि पनि उत्रिएर आएका छन् ।

चीनका आर्थिक गतिबिधिहरु केवल साऊदी अरबसम्म मात्र सीमित रहेका छैनन् । 'चाइना-इजिप्ट टेडा स्वेज इकोनोमी' ट्रेड कोअपरेशन जोन', 'चाइना-ओमन इण्डस्ट्रीयल पार्क' 'चाइना-यूएई क्यापासिटी कोअपरेशन डेमोन्स्ट्रेशन पार्क' जस्ता केही प्रमुख उदाहरण यहाँ उल्लेख गरिएको हो । २०२१ म चीनले अरब देशहरुसँग 'स्पेश एण्ड स्याटलाईट नेभिगेशन प्लान'मा हस्ताक्षर गरेको थियो । ती सारा परियोजनाहरुलाई साकार तुल्याउन साऊदी अरबको सबैभन्दा ठूलो भूमिका रहेको थियो । तर, भारतले त खाडीका देशहरुमा चीनका जस्ता कुनै परियोजना किन लान सकिरहेको छैन भन्ने प्रश्न पनि भारतीय विश्लेषकहरुले नै उठाइरहेका छन् । त्यति मात्रै होइन उनीहरु भारतका विदेश मन्त्री यूएनमा बयान दिँदा 'आधा भरिएको गाग्री' जस्तो बनेर एउटै तीरले पाकिस्तान र चीनलाई ताक्छन् भनेर पनि ब्यंग कसिरहेका छन् ।

भारतले पनि खाडी देशहरुबाट तेल र ग्यासको आयात गर्ने गर्दछ । चीनको युआन जस्तै भारतको मुद्रा पनि बास्केटमा भारतीय रूपैयाँको प्रवेश त भएको छैन । २०२१/२२ मा भारतले खाडीका देशहरुसँगको व्यापार १५४.७३ अर्ब डलरको रहेको देखिन्छ । २०२१/२२ मा जीसीसी देशहरुबाट भारतले ४८ अर्ब डलरको कच्चा तेल र एलएनजी-एलपीजी २१अर्ब डलरको आयात गरेको थियो । तर, त्यसको भुक्तानी भने डलरमा गरेको थियो । त्यसमा इरान मात्र अपवाद छ, जुन जीसीसीभन्दा बाहिर रहेको मुलुक हो । भारत चीनसँग प्रतिस्पर्धामा कहाँ-कहाँ पछाडि परेको छ भन्ने चिन्ता र चीनको बढ्दो प्रगतिभन्दा भारत धेरै पछाडि छ भन्ने कुरा यस विश्लेषकबाट प्रष्ट हुन्छ ।

## सामाजिक सञ्जाल



\- सुर्यराज आचार्य

भन्ने गरिन्छ, 'शेयर किनबेचबाट पैसो कमाउनु छ भने बजारमा बेच्ने लहर चलेको बेलामा किन्ने रणनीति अपनाउनु पर्दछ ।' केपी ओलीले त्यहि गरे । प्रमको पदमा रस्साकस्सि चलेको राजनीतिक बजारमा आफैं प्रम हुने हैन अरूलाई प्रम बनाउने रणनीति अपनाए । बाजी मारे ! यस्तो रणनीतिक कौशल विकासमा पनि देखियोस् !



\- लोचन आचार्य

राजनीतिमा प्रवेश गरेको छ महिनामै रवि लामिछाने गृहमन्त्री भए । तर, कांग्रेसको रणनीति स्पष्ट नभएकाले कांग्रेसका युवा नेताहरू हेरेको हेर्‍यै भए । देउवा त विस्थापित हुनुपर्छ नै तर, गगन-विश्वप्रकाशले पार्टी रूपान्तरणको स्पष्ट खाका प्रस्तुत नगरे यिनिहरूलाई पनि विस्थापित गर्नुपर्छ । अब ल्याङ ल्याङ चल्दैन !



\- शिरोमणि ढुंगाना

हालसम्म प्राप्त सूचनाको आधारमा शुशील कोइरालाको प्रमबाट बर्हिगमन र शेरबहादुर देउवाको अहिलेको बर्हिगमनको शैली र शक्तिकेन्द्रहरूको दोहोरो भूमिका उस्तै देखियो - भद्र सहमती तोड्न उत्प्रेरित गर्ने, 'तपाईं नै बलियो' भन्ने विश्वास दिलाउने र नाटकीयरूपमा नयाँ समिकरणको सिर्जना गर्ने ।



\- केशव प्रसाद भट्टराई

किन धेरै तर्क-वितर्क गर्नुपर्‍यो र ? हिजो नेपाली कांग्रेसले जुन हतियारले एमालेलाई हानेको थियो आज एमालेले त्यही हतियारले कांग्रेसलाई हानेको हो । हतियारलाई सुविधाअनुसार कहिले भित्रकाले र कहिले बाहिरकाले प्रयोग नै गर्ने हो । अहिलेको घटनालाई पनि त्यहीअनुसार नै लिँदा हुन्छ ।



\- केशव दाहाल

उपप्रधानमन्त्रीसहितको मुडेभाग ? जन्मदै कान चिर्ने ? हे फसाद ! सरकारमा किन जाने ? नीति र प्राथमिकता के ? सरकारमा जानु अगाडि कम्तीमा पाँच बुँदामा नीतिगत अडान सुन्न मन थियो । उल्टो उपप्रधानमन्त्रीको बार्गेनिङ ? कस्मेटिक पोलिटिक्सको लालिपाउड नक्कली पर्‍यो कि कसो, रियल फेस त कुरूप पो देखियो ।

# फेरिएको नेतृत्वप्रतिको अपेक्षा

**टिप्पणी**



● नारायण गाउँले

> विगत पाँच वर्ष देशले हारे पनि प्रचण्डले जितेका छन् । देशको हारमा उनको पनि ठूलो हिस्सा छ । अबको दुई वर्ष उनले त्यसको पनि क्षतिपूर्ति गर्ने गरी काम गरून् । ओली र देउवाका गल्तीहरूबाट पाठ सिक्ने र नदोहोर्‍याउने हो भने उनी सफल हुन पनि सक्छन् । उनी असफल हुनु भनेको अबको केही वर्ष देश अझै असफल हुनु हो ।

पार्टी, विचार, आग्रह, इच्छा एउटा कुरा, तर प्रधानमन्त्री पद कम्तिमा दुई वर्षका लागि देशको र हाम्रो साझा भविष्य हो । चाहे पनि नचाहे पनि दिनदिनै सुनिने र हेरिने अनुहार हो । राष्ट्रिय-अन्तर्राष्ट्रिय मुद्दा र मञ्चमा हाम्रो नेता, आशा र कर्ता उही नै हो । उमेर मात्रै होइन, मुद्दा, योजना, प्रस्तुति र तयारीका आधारमा गगन थापा पहिलो रोजाइ थिए । विकल्प छैन भने दोस्रोमा केपी शर्मा ओली, तेस्रोमा पुष्पकमल दाहाल 'प्रचण्ड' नै हुन् । तीन करोड नेपालीकै लागि भनेर ठुटे नेताले झैं ठेक्का लिने कुरो भएन तर, गोकुल बाँस्कोटा र विष्णु पौडेलजस्ता भ्रष्ट सारथी नहुने हो भने शेरबहादुर देउवाभन्दा ओली नै मेरो देशको प्रधानमन्त्री हो भन्न सुहाउँथ्यो ।

प्रचण्डको हिंसात्मक विगत अनि केपी ओलीको निरंकुश शैली र क्षुद्र वक्तत्वको विरोध गरियो र गरिनेछ । सहकर्मी र अन्य दलका नेताप्रति तुच्छ टिप्पणी र अभद्र आलोचना नगर्ने देउवाको गुणको प्रशंसा गरियो र गरिनेछ । तर, यी तीन बाहेक अर्को विकल्प छैन भन्ने हो भने ओली पहिलो विकल्प थिए । यसअघि झैं दुई तिहाइको असीमित शक्ति र उन्मादको अवसर अहिले छैन र लिकबाहिर लुडो खेल्न पकेटको राष्ट्रपति पनि शायद नरहला । यस्तोमा ओली अन्य दुईभन्दा उत्तम विकल्प हुन सक्थे ।

देउवालाई अबको दुई वर्ष प्रधानमन्त्रीमा झेल्नुभन्दा प्रचण्डलाई त्यहाँ देख्न पाउने अवस्थामा एकप्रकारको व्यक्तिगत सान्त्वना मिलेको छ । प्रचण्डका लागि यो अन्तिम अवसर पनि हो । उनको बोली देउवाभन्दा बढी बुझिने र ओलीभन्दा बढी सुन्न सकिने खालको छ । ओली यतिबेला किङ्मेकर जस्तो देखिए पनि प्रचण्ड प्रधानमन्त्री बनेसँगै उनको राजनैतिक आदर्श र तर्क समाप्त भएको छ । उनले प्रचण्डलाई भिलेन देखाएर पुष्टि गर्न खोजेको नेकपा विघटनको औचित्य साबित नहुनु भनेको राजनैतिकरूपमा उनको औचित्य सकिनु हो । पार्टीले आफ्नै आकार हेरेर अनि हिजो भर्खरका आफ्ना वक्तव्यहरू आजै सच्याउनुपर्ने अवस्था मनन गरेर पनि त्यो बुझ्ला ! उसले पालो आयो भने दुई वर्षपछि ओलीभन्दा उत्तम विकल्प दिन पनि सक्छ ।

कांग्रेसमा पनि देउवायुग समाप्त होला र पार्टीको रूपान्तरण होला । अर्जुनदृष्टि कुर्सी र शक्तिमा मात्रै रहेका देउवाकै कारण कांग्रेसको भविष्य र औचित्य नेपाली राजनीतिमा अप्रासङ्गिक बन्दै गएको हो । ३० वर्षभन्दा बढी सक्रिय राजनीति गरेका देउवा जिब्रोका कारण प्रष्ट बोल्न सक्दैनन् तर, उनका भिजनसहितका विचारोत्तेजक लेख कतै पढ्नुभएको छ ? कुनै अन्तरवार्ता छन् जसलाई झट्ट सुन्दा नबुझिए पनि लिपिबद्ध गर्दा उनको बिद्धत्ता, स्पष्ट योजना र तार्किकताको एक अंश पनि कतै भेटियोस् ? 'पर्सनल हाइजिन' सम्म कायम गर्न नसक्ने उमेर र स्वास्थ्यमा रहेका उनी नै सबैभन्दा उत्तम नेता हुन् भने कांग्रेस भन्ने पार्टीको औचित्य साबित गर्न सकिन्न । सुविधालम्पट देखिने देउवाका लागि प्रमुख प्रतिपक्षी नेताको कुर्सी त हुनेछ तर दुर्भाग्य, देशका लागि त प्रमुख प्रतिपक्षी नेता पनि गतिलो नहुने भयो ।

विगत पाँच वर्ष देशले हारे पनि प्रचण्डले जितेका छन् । देशको हारमा उनको पनि ठूलो हिस्सा छ । अबको दुई वर्ष उनले त्यसको पनि क्षतिपूर्ति गर्ने गरी काम गरून् । ओली र देउवाका गल्तीहरूबाट पाठ सिक्ने र नदोहोर्‍याउने हो भने उनी सफल हुन पनि सक्छन् । उनी असफल हुनु भनेको अबको केही वर्ष देश अझै असफल हुनु हो । उनको विजय जनमतको नभएर राजनैतिक हो भन्ने तर्क पनि पूरै सत्य होइन । जनमत भएकै दलहरूले उनलाई छानेका हुन् । राजनीति हो, देश अबको पाँच वर्ष उनकै काँधमा हुन पनि सक्छ । कांग्रेस, एमाले, राप्रपा, जसपा मात्रै होइन, नयाँ भनिएको राष्ट्रिय स्वतन्त्र पार्टीले पनि अनुमोदन गरेकाले अब उनको विगत होइन, भविष्यलाई लिएर आशा र टिप्पणी गर्नु जायज हुनेछ ।


## तपाईको राशिफल

- **मेष** : जोखिम भएको कार्यमा नोक्सान हुन्छन् । पारिवारिक विवादले अशान्ति पैदा गर्छ ।
- **वृष** : नाता-गोतासँग मनमुटाव रहन्छ । सन्तुलित आहार लिनुपर्छ ।
- **मिथुन** : आध्यात्मिक कार्यमा रूची बढ्छ । स्वास्थ्य राम्रो रहनेछ ।
- **कर्कट** : व्यवसायमा राम्रो प्रगति हुनेछ । पुरानो रूकावट समाप्त हुन्छ ।
- **सिंह** : यात्रा सुखद रहन्छ । भौतिक साधन उपलब्ध भइरहनेछ ।
- **कन्या** : स्वास्थ्यसम्बन्धी सावधानी जरूरी छ । शत्रु सक्रिय हुनसक्छन् ।
- **तुला** : मांगलिक कार्य हुने योग छ । खर्चमाथि नियन्त्रण जरूरी छ ।
- **वृश्चिक** : प्रतिष्ठामा बृद्धि हुनेछ । वाणी संयम् राख्नुहोला ।
- **धनु** : साथीभाईबीच सुमधुर सम्बन्ध बनिरहनेछ । अहंकार राख्नु हुँदैन ।
- **मकर** : राजनैतिक सहयोग प्राप्त हुन्छ । विस्तारै प्रगति हुन्छ ।
- **कुम्भ** : राजनैतिक कार्य सफल हुन्छ । मनोबल उच्च रहनेछ ।
- **मीन** : खर्चमाथि नियन्त्रण राख्नुपर्छ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*





# काठमाडौं उपत्यकामा हरियालीसहितको अपाङ्गमैत्री पैदलमार्ग



**काठमाडौं/मस**-काठमाडौं उपत्यका विकास प्राधिकरणले काठमाडौं उपत्यकाका तीनवटै जिल्लामा हरियालीसहितको अपाङ्गमैत्री पैदलमार्ग निर्माण गर्ने भएको छ । राजधानीमा अपाङ्गमैत्री पैदलमार्ग कमै रहेकाले यस्तो मार्ग बनाउन लागिएको प्राधिकरणका सूचना अधिकारी इञ्जिनीयर सौरब ढकालले जानकारी दिए । भक्तपुर जिल्लाको भक्तपुर नगरपालिकामा यो कार्यक्रम प्रारम्भ गरिने छ । अपाङ्गमैत्री पैदलमार्गका लागि कुन सडक उपयुक्त हो भन्ने विषयमा नगर प्रमुखले गरेको सिफारिसका आधारमा काम गरिने उनको भनाइ थियो ।

यसैगरी काठमाडौंको दक्षिणकाली, नागार्जुन र कागेश्वरी मनोहरा नगरपालिकामा पनि अपाङ्गमैत्री पैदलमार्ग निर्माण गरिने छ । तीनवटै नगरपालिकाका कुन सडकमा यो मार्ग निर्माण गर्ने भन्ने सिफारिस नगर प्रमुखबाट आउने प्राधिकरणले जनाएको छ । यस्तो सिफारिस नगर प्रमुखबाट आउने क्रममा रहेको जनाइएको छ । ललितपुर महानगरपालिकाको कुन सडकमा यस्तो मार्ग बनाउने भन्ने सिफारिस नगर प्रमुखबाट आउन बाँकी रहेको सूचना अधिकारी ढकालले बताए । महानगरपालिकाले यसअघि जावलाखेलमा यस्तो मार्ग निर्माण गर्ने भने पनि कालोपत्र भइसकेकाले त्यहाँ काम गर्न नसकिने जनाइएको छ । तीनवटै जिल्लामा अपाङ्गमैत्री पैदलमार्ग निर्माणका लागि रु १४ करोड बजेट विनियोजन गरिएको छ ।

# व्यवसायी बज्राचार्यको निधन



**काठमाडौं/मस**-इम्पेरियल ओभरसीज प्रालिका सञ्चालक प्रविण रत्न बज्राचार्यको निधन भएको छ ।

५८ वर्षीय बज्राचार्यको पुस ९ गते शनिबार निधन भएको हो । नेपाल जनस्वास्थ्य सेवा केन्द्र, मित्र परिवार क्लब र भिजन एक्सपोर्टका समेत अध्यक्ष रहेका बज्राचार्यको आइतबार दाहसंस्कार गरिएको छ । समाजसेवामा सक्रिय उनी मधुमेह र रक्तचापबाट पीडित थिए । उनका श्रीमती, एक छोरी र एक छोरा छन् ।


## मलेशियामा रोजगार | कम्पनी: QUALITY GUARD SERVICES SDN. BHD.

पुर्व स्वीकृती मिति: 2022/12/23 चलानी नं: 60193744 LT. No. 278096

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 89 | 0 | स.काममा दक्ष | 1500 | ४४,९०६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जिवन बिमा खर्च कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु ७००/- कामदारले तिर्ने | रु १५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०७९ पुस १ गते (2nd Jan. 2023) हुदैछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) विदेश जानुअधि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AAROHAN HUMAN RESOURCE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal, Phone: 01-4465606
Govt. Lic. No. 1428/074/075



## मलेसियामा रोजगार | कम्पनी : WOMO SECURITY(M) SDN BHD, शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७८/१२/२८ चलानी नं.: ६०१७७७६९ LT. No.: 261436 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 2 | 0 | स. काममा दक्ष | 1200 | ३५,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा पुस १९ गते (3 Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रू. ७००/- रोजगार दाताले | रू. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AL HAYA H.R. SOLUTION PVT. LTD. Gov. Lic No. 1092/073/074
**Al Haya H.R. Solution Pvt. Ltd.**
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 01-4620879
Mob.: 9813590560,. Email: alhaya.md@gmail.com, Web.: www.alhayahr.com



## साउदीमा रोजगार |

१. कम्पनी : ROBOA ASIA FOR TRADING EST, शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०६/११ चलानी नं.: ६०१६४०५५ LT. No.: 246699 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MAJED M. AL-QAHTANI TRANS. EST., शहर : Al-khobar

पुर्व स्वीकृत मिति: २०७९/०७/२३ चलानी नं.: ६०१९०८६३ LT. No.: 275222 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६३,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : LIFE BASE CONTRACTING COMPANY, शहर : Riyadh

पुर्व स्वीकृत मिति: २०७९/०७/२३ चलानी नं.: ६०१९०८६५ LT. No.: 275221 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lubricated And Lubricated Vehicles | 5 | 0 | स. काममा दक्ष | 1200 | ४२,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : Al Amana Technology Factory For Building Materials, शहर : Saudi Arabia,riyadh

पुर्व स्वीकृत मिति: २०७९/०७/०२ चलानी नं.: ६०१८९७११ LT. No.: 274057 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Worker | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | electrical Technician Electrical Wiring | 8 | 0 | | 2200 | ७७,३९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौमा २०७९ पुस १९ गते (3 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७
**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np



## मलेसियामा रोजगार | १. कम्पनी: FIRST UNITEX TYRE RETREADING SDN. BHD., शहर: SELENGOR

पूर्व स्वीकृत मिति: २०७९/०५/१५ चलानी नं.: ६०१८६४५९ LT. No.: 270633 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 9 | 0 | स. काममा दक्ष | 1500 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १९ गते (3 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt.Lic. No. 357/059/060
**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
बतिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्स: ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np



## मलेशियामा रोजगारको अवसर | कम्पनी : RAKANDA ENTERPRISE SDN.BHD., शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/०९/११ चलानी नं.: ६०१९३७७३ LT. No.: 278225

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 16 | 0 | स. काममा दक्ष | 1500 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १९ गते (3 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037



## युएई र मलेशियामा रोजगार | कम्पनी: DEEP CLEAN LLC, शहर : UAE

पूर्व स्वीकृत मिति: २०७९/०९/११ चलानी नं.: ६०१९३७६५ LT. No.: 278260

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 20 | 2 | स. काममा दक्ष | 800 | २८,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १९ देखि २३ गतेसम्म (3 to 7 January 2023) मा हुनेछ ।**

२. कम्पनी: AUTO PARTS MANUFACTURERS CO. SDN.BHD., शहर : Selangor

पूर्व स्वीकृत मिति: २०७९/०५/०१ चलानी नं.: ६०१८५६०० LT. No.:269754 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 51 | 0 | स. काममा दक्ष | 1500 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १९ गते (3 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1329/074/75
**Al Shahid Overseas Pvt. Ltd.**
Chandol-04 Chappalkharkhana, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com



## साउदीमा रोजगार | कम्पनी : CHERZ LEBANON RESTAURANT FOR SERVING MEALS, शहर : Saudi Arabia,jeddah

पूर्व स्वीकृत मिति: २०७९/०८/१५ चलानी नं.: ६०१९२५३७ LT. No.:277000 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १९ गते (3 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075
**Al Taaz International Pvt. Ltd.**
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9803215045, 9801147203, 9851061402, 9815898777, 9854026594, 9801608479, 9801132810
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



## यूएईमा रोजगार | कम्पनी: Overseas Maintenance and Cleaning services, शहर : UAE

पूर्व स्वीकृत मिति: २०७९/०९/११ चलानी नं.: ६०१९३७५३ LT. No.: 278180

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 10 | 10 | स. काममा दक्ष | 900 | ३२,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १९ गते (3 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No. 1440/074/075
**Almighty International Manpower Services Pvt.Ltd.**
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com



## UAE मा रोजगारको अवसर | कम्पनी : H P FACILITIES MANAGEMENT, City : UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/२५ चलानी नं.: ६०१६७१६० LT. No.: 250209 पून विज्ञापन

